
सचित्र कथा

# पटाचारा

## Patachara




बासुदेव

कोण्डन्य

Downloaded from http://www.dhamma.digital

# पटाचारा

(सचित्र कथा)

कोण्डन्य

बासुदेव देशार

Dhamma.Digital

*प्रकाशक*

**जुजुभाई शाक्य, हिरादेवी शाक्य, पद्मदेवी शाक्य**

ठमेल, काठमाडौं, फोन : ४२५९९६७१

Downloaded from http://www.dhamma.digital

# पटाचारा *(Patachara)*


| | | |
|---|---|---|
| प्रकाशक | | जुजुभाई शाक्य, हिरादेवी शाक्य, पद्मदेवी शाक्य |
| सर्वाधिकार | | © सश्रद्धापूर्वक प्रकाशन गर्नसक्ने |
| प्रथम संस्करण | : | बु. सं. २५५३ मंसिर ३०, (१००० प्रति) |
| नेपाल संवत् | | ११३० |
| इस्वी संवत् | : | २००९ |
| विक्रम संवत् | | २०६६ |


Dhamma.Digital


लेखन : **कोण्डन्य**, बुद्धविहार भृकुटीमण्डप, काठमाडौं ।
**बासुदेव देशार**, चापागाउँ (हाल जापान)



मुद्रण : डट्स प्रिन्टिङ्ग हाउस्, प्रयागपोखरी,
ललितपुर, फोन : २१२०२३५


Downloaded from http://www.dhamma.digital

# सुगतिको कामनासहित धर्मदान



**जन्म**
वि.सं. २०२३ जेष्ठ १०

**दिवंगत**
वि.सं. २०६१ चैत्र २९

## दिवंगत रशील शाक्य

बुद्धजन्मभूमि पवित्र लुम्बिनी परिसरमा निर्मित लुम्बिनी बेम्बु रिसोर्टको समुद्घाटनसँगै श्रद्धेय भिक्षु महासंघबाट भएको पवित्र महापरित्राण पाठको पुण्यमय अवसरमा दिवंगत सुपुत्र श्री रशील शाक्यको सुगति एवं जाति, जरा, व्याधि, मरण आदिबाट मुक्त निर्वाणधर्म अवबोधका लागि प्रार्थना गर्दै यस पुस्तक धर्मदान गरेका छौं ।

प्रार्थी

**जुजुभाई शाक्य, हिरा शाक्य, पद्मदेवी शाक्य**

| | |
|---|---|
| दाजु/भाउजु | सुनील/अरूणा शाक्य |
| दाजु/भाउजु | सुशील/सुश्मा शाक्य |
| बहिनी/ज्वाई | सुनैना/भेनसानन्द वज्राचार्य |
| बहिनी/ज्वाई | जुनम/निलेश स्थापित |
| ~~भान्जी/भान्जी~~ भान्जा/भान्जी | श्वेता, आश्ली, शाहिल शाक्य |
| नातिनी | पूजा शाक्य |

Downloaded from http://www.dhamma.digital

# मेरो भनाई

बुद्धकालीन स्मरणीय तथा उदाहरणीय महिला, सम्पन्न र कुलीन परिवारमा जन्मी, हुर्केबढेकी पटाचारा कसरी र किन आफ्ना पतिलगायत सन्तानहरु बिछोडिनु पऱ्यो भन्ने कुरा यस सचित्र पटाचारको जीवनी पढेपछि थाहा हुन्छ । केही नभएको, आफ्नै घरमा काम गर्ने एक नोकरसँग विवाह भइसकेपछि पटाचाराले भोग्नुपरेहो दु:खद् चित्रण मार्मिक छ ।

२/३ वर्षअघि खासगरी स्कूलका ससाना विद्यार्थीहरूको लागि भनेर तयार पारेको यस पुस्तकमा मूलतः मैले दिवंगत भिक्षु सुबोधानन्द महास्थविरद्वारा लिखित पुस्तक *पटाचारा*लाई आधार मानी विशेषगरी विद्यार्थीहरूले चाखपूर्वक अध्ययन गरुन् भनेर भाइहरु सुरेम देशार र निरोज देशारलाई यसको concept बुझाइदिएर चित्रहरु कोर्न लगाएको थिएं ।

यसको तयारीको सिलसिलामा महत्वपूण सल्लाह दिनुहुने नेपाल बौद्ध परियत्ति शिक्षाका निवर्तमान केन्द्रीय परीक्षा नियन्त्रक श्रद्धेय भिक्षु बोधिज्ञान तथा बुद्ध विहारका प्रमुख श्रेद्धय भिक्षु कोन्डन्यप्रति कृतज्ञता प्रकट गर्न चाहन्छु । आज संयोगवश उनै कोण्डन्य भन्तेको प्रवचन शैलीय पटाचारासम्बन्धी लेखनसँगै दाताविना थन्किरहेको सचित्र पटाचारा संयुक्त रूपमा प्रकाशन हुनु मेरो लागि खुशीको कुरा हो । भन्तेले जुजुभाई शाक्य परिवार प्रकाशकीय दातामार्फत यो धर्मदान पुस्तक प्रकाशन गर्न सम्पूर्ण प्रेसको जिम्मेवारी समेत वहन गर्नुभएको छ, यसको लागि म ज्यादै आभारी छुं ।

मलाई विभिन्न माध्यमले सहयोग गर्नेहरू खमेशी गुरुमाँ, दाइ S.K. देशार, बहिनी रोजी देशार, कल्याणी तामाङ्ग, मोतिलाल यादव, अनिल अहमद, विनोद पासवानलाई पनि साधुवाद छ ।

**बासुदेव देशार**
बु.सं. २५५३,
मंसिर २२ सोमवार
जापान

**Bashu Dev Deshar**
Tokyo International Exchange Center
Koto-ku, Aomi 2 'Chome Ban B 509'
Tokyo, 135-0064 , Japan.
E-mail- bashu_dev@yahoo.com.au
bdeshar@softbank.ne.jp
7 th December 2009

Downloaded from http://www.dhamma.digital

# पुस्तक बारे

प्रस्तुत पुस्तकका मूलपात्र पटाचारा, जसले बुद्धकालीन परिवेशमा आफ्नो प्रेमपूर्ण जीवनको उत्कट अभिलाषालाई साकाररूप दिन घरमैं काम गर्ने नोकरसँग भागिन्, प्रेमी प्रेममा पागल हुन्छ र पनि प्रेम पाउन र दिन हर प्रेमीप्रेमिका आवेग र आवेशमा जे निर्णय लिन पनि पछि हट्दैन भन्ने पटाचाराको जीवनीले आरम्भमा प्रेमपूर्ण सन्देश प्रवाह गरिरहेको छ । यसरी नै जीवन र जगतसँग साइनो बाँध्ने हरकसैको जीवन अस्थीर हुन्छ, एकपछि अर्को परिवर्तित हुँदै जाने परिवर्तनको प्रवाह चक्रिय पद्धत्तिअनुरूप अगाडि बढ्दा सोच्दैनसोचिएभैं दुःख, पीडा, विपत्ति, वियोगजस्ता अत्यन्त दर्दनाक बाध्यात्मक मार्मिक परिस्थितिलाई भोग्नु पर्ने स्वभावधर्म बारे मध्यभागमा सन्देश प्रवाह भएका छन् भने पुस्तकको अन्तिमपाटोमा मानिसले यावत जस्तोसुकै दुःखपीडा भोग्नु परेतापनि आफूलाई सम्हाल्न सक्ने एवं सही मार्गनिर्देशक प्राप्त गरी सही बाटो अवलम्ब गर्नसके सांसारिक दुःखमय जीवनबाट पार तर्न दुःख मुक्तिको साधनामा निरन्तर साधनारत भई लक्षप्राप्तिको अवस्थामा अवतरण हुनसक्छ भन्ने पटाचाराको संयोग-वियोग-संयोगपूर्ण जीवन गाथाद्वारा प्रस्फूटित हृदयविदारक जीवनोपयोगी सन्देशले जो कसैको दिललाई भावुक बनाइदिने हुन्छ ।

वस्तुतः जुजुभाई शाक्य तथा हिरादेवी शाक्यका सुपुत्र रशील शाक्यको असामयिक निधन भएको सम्भनामा दाताहरूकै इच्छाअनुसार प्रस्तुत पुस्तक पटाचारा प्रकाशन गरिएको छ । यसमा प्रवचनलाई लेखनमा परिणत गरिएको एक पाटोसहित त्यसमै सर्वसाधारणका लागि अत्यन्त सरलभाषामा चित्रसहित बासुदेव देशारद्वारा लिखित पटाचाराको जीवन गाथालाई दोश्रो पाटोको रूपमा समाहित गरी पुस्तकको आकार दिइएको हो । पाठकहरूले एउटै जीवन गाथालाई पृथक पृथक स्वादमा अध्ययन-मनन गर्ने बाटो खुलाइएको आभाष प्राप्त हुनसक्छ ।

अन्तमा दिवंगत रशील शाक्यको सुगति कामना, प्रकाशक परिवारलाई हार्दिक साधुवाद व्यक्त गर्दै डट्स प्रिन्टिंग परिवारलाई पनि धन्यवाद ज्ञापन गर्दछु ।

**- कोण्डन्य**

**बु.सं. २५५३, मंसिर २२** बुद्धविहार भृकुटीमण्डप

Downloaded from http://www.dhamma.digital

# विरही प्रेमिका पटाचाराले यसरी जीवन साकार पारिन् ........

- कोण्डन्य
बुद्धविहार भृकुटीमण्डप

वस्तुतः जीवन र जगतलाई बुझ्ने अभिप्राय हुँदैमा मात्र सफलतापूर्ण तवरले आफूभित्र सुखशान्ति संचार गर्न सक्ने हुँदैनौं । त्यसको लागि हामी स्वयम्‌ले प्रयत्न गर्नुपर्छ, सूझबूझ तवरबाट अगाडि बढ्ने चेष्टा गर्नुपर्छ । हामीले जीवनमा सुख र शान्तिलाई प्राप्त गर्नका लागि केही न केही उपाय रचिरहेका हुन्छौं, हामीले केही न केही साधना गरिरहेका हुन्छौं, उपायकोशलको खोजीमा हामी लागिरहेका हुन्छौं । जीवनमा वास्तविक सुख केलाई भन्ने ? कुन अवस्थालाई हामीले यही हो शान्ति भनेर निर्क्योल गर्ने, यो ठम्याउन गाह्रो छ । यसैलाई सुख भनिन्छ, यही नै शान्ति हो भनेर हामीले औंला ठड्याएर भन्न सकिरहेका छैनौं, जीवनको परिभाषा जसरी यही हो त्यही हो भन्न हामी सकिरहेका छैनौं, त्यसरी नै सुख शान्ति, सौन्दर्यता जसलाई हामी जसरी जुन रूपमा भोगिरहेका हुन्छौं, जसलाई आफूले सहज ढंगबाट अनुभूति-द्वारा प्राप्त गरिरहेका हुन्छौं त्यतिबेला आफूलाई राम्रो लाग्छ, सहीजस्तो आभाष प्राप्त हुन्छ, सजिलो सहज ढंगबाट जीवन गुजारा भइरहेको जस्तो आफूलाई अनुभूति प्राप्त हुन्छ त त्यसैलाई हामी सुखको रूपमा, शान्तिको रूपमा सौन्दर्यका रूपमा परिभाषित गर्न सकिरहेका हुन्छौं । वास्तवमा प्रत्येक मानिसको जीवनमा कुनै न कुनै रूपबाट बाहार छाइरहेको हुन्छ नै, तर त्यो सदावहारको रूपमा अगाडि बगिरहन्छ नै भन्न सक्दैनौं । हामीभित्र कुनै एउटा यस्तो समय आउन सक्छ, आइरहेको हुन्छ जतिबेला हामी आफूले आफैलाई ठम्याउन



Downloaded from http://www.dhamma.digital

सकिरहेका हुँदैनौं भने उत्पत्ति र विनाशको विधिविधानलाई कसरी हामीले ठम्याउन सकेका हुन्छौं ? यो प्रतिप्रश्नका रूपमा रहीरहने प्रश्न हो ।

**यो चे वस्ससतं जीवे, अपस्सं उदयब्बयं ।**
**एकाहं जीवितं सेय्यो, पस्सतो उदयब्बयं ॥ (धम्मपद, ११२)**

उपरोक्त गाथाले हामीलाई यही सन्देश प्रवाहित गरिरहेको छ कि उदयब्यय जसलाई हामी उत्पत्ति र विनाशको रूपमा परिभाषित गर्नसक्छौं । उदयव्यय धर्मलाई आत्मसात नगरिकन जस्ले सयौंवर्षसम्म जीविकोपार्जन गर्छ, त्योभन्दा पनि कयौं गुणाबढी जस्ले उदयव्यय धर्मलाई बुझेको हुन्छ, आत्मसात गर्नसकेको हुन्छ चाहे त्यो एकदिन मात्रै किन नहोस्, त्यो महत्वपूर्ण उत्तम जीवनको रूपमा अगाडि बढेको हुन्छ ।

वास्तवमा उपरोक्त गाथा तथागत शास्ता श्रावस्तिस्थित जेतवनाराममा विराजमान हुँदाखेरि जीवनदेखि विरक्तिएर भौंतारिएकी एउटी आइमाईको कारणमा देशना गर्नुभएको थियो । घटनाक्रमलाई जीवन्तता दिने हो भने बुद्धकालीन त्यो समयमा कोशल राज्यको संवृद्धशाली श्रावस्ती नगर जहाँ अनेकौं धनाढ्य सम्भ्रान्त परिवारहरू बस्ने गर्दथे । करौडौंको मालिक सम्भ्रान्त परिवारमा जन्मिएकी पटाचारा, जो एक्ली छोरी, राम्री छोरी, प्यारी छोरी, जस्को बाल्यजीवन एकदमै लाडप्यारमा हुर्किएको थियो । उनको सम्भ्रान्त परिवारमा एउटा छोरा, यौटी छोरी जस्लेगर्दाखेरि त्यहाँ हरकुराहरू व्यवस्थित रूपमा अगाडि बढिरहेको थियो, प्रतिष्ठित जीवन सामाजिक मूल्य मान्यतालाई मर्यादित रूपमा अगाडि बढाउनुपर्ने भएकोले त्यो परिवारमा कडाइका साथ विधिव्यवहार हुनेगर्थ्यो । घरमा अनेकौं कामगर्ने नोकरचाकरहरू थिए । आखिर कुनैपनि परिवारमा हुर्किएको छोराछोरी किन नहोस् मन न हो हुर्कंदै बढ्दै जाँदाखेरि यौवनमत्ताको कारण जो कसैलाई पनि चञ्चल



Downloaded from http://www.dhamma.digital

चुलबुले वैंसको कारणले सताउने हुन्छ । Teenager भनिन्छ, चुलबुले-कुखुरे वैंस भनेर, पटाचारा Sweet Sixteen, १६ वर्षको उमेरमा प्रवेश गरेलगत्तै उनमा पनि प्राकृतिक रूपमा, शारीरिकरूपमा, मानसिक रूपमा केही परिवर्तनहरू आए । यसको लगत्तै अवश्य पनि विपरीत-लिङ्गप्रति उनको झुकाव आकर्षण बढ्नु अस्वाभाविक थिएन । आफ्नै घरमा कामगर्ने यौटा नोकर, जोसँग उनको हेमखेम बढ्दैजान्छ, माया-प्रीति बस्छ, भावनात्मक रूपमा उनीहरूबीच प्रेम साटासाट हुन्छ, आपसी मायाममता स्नेह यति अगाढरूपमा अगाडि बढ्छ कि त्यो विरलैलाई मात्र थाहा हुन्छ, पारिवारिक रूपमा त्यसलाई लुकाएको हुन्छ । वास्तवमा उनीहरूमा यौटा शारीरिक रूपमा जुन आकर्षण देखियो, त्यो आकर्षणले उनीहरूबीच आफ्नो परिवार, सम्पत्ति, जातजातीयता, क्षेत्रीयता कुनैपनि विषयलाई त्यहाँ ख्याल गरिएन । त्यसको कुनै सरोकार हुने कुरै हुँदैन, बस उनीहरू एउटै कुरामा मात्र लीन थिए – त्यो अन्धोप्रेमकै रूपमा किन नहोस्, बस उनीहरू द्रूतगतिमा अगाडि बढ्ने क्रम जारी रह्यो ।

भरखरै मात्र नौजवान, यौवन-मत्तामा प्रवेश गरेकी पटाचारालाई उनकी आमा बाबुले हुने खाने यौटा प्रतिष्ठित सम्भ्रान्त परिवारकै यौटा छोरासँग बिहे गरिदिने चाँजोपाजो मिलाउँछन्, त्यही कुरा पटाचारालाई अवगत गराईदा झँल्यास बिउँझेझैं रूखबाट बांदर खसेझैं झस्किन्छे, भावनात्मकरूपमा उनलाई ठूलो ठेस लागेझैं के के न कल्पना, कोरा इच्छा, आफ्नो मनमा बुन्दै, धेरै कल्पनारूपी आकाश छुने गगनचुम्बी घर उनले बनाइसकेकी थिइन् । तर भित्रभित्रै उनी डराइन्, कतै त्यो कल्पनामा ठेस पुग्ने त होइन, त्यो कल्पनारूपी जुन महल बनाएको हो, त्यो भत्किनेवाला त छैन, उनको भावनामा, दीनचर्यामा- सोच्दैनसोचिएझैं भुईंचालो आउने त होइन ? यस किसिमका डरत्रासले उनलाई खूब सताउन थाल्यो, निंद्रा लाग्दैनथ्यो, स्वाभाविक हो । एकदिन परिवारबाट पटाचारालाई फलाना फलाना केटोसँग तिम्रो विवाह हुने कुरा चलिसकेको छ भन्ने कुरा अवगत गराइसकेपछि पटाचारा अब चैनकासाथ निदाउन



Downloaded from http://www.dhamma.digital

सकिनन्, उनलाई बाँच्न गाह्रो हुन्छ, त्यसैले आफ्नै घरमा कामगर्ने त्यो नोकर जोसँग उनको प्रेम बसेको छ, भावनात्मक रूपमा नजिकिएको छ, त्यसलाई उनले सुटुक्क भनिन्–

"हेर ! हामीबीच भावनात्मक रूपमा जुन प्रेमको टुसा पलाएको छ, त्यसलाई फलको रूपमा हामीले सजाऔं, मलजल दिऔं, त्यसलाई साकार रूप दिऔं । यही हो मौका ! कुनैपनि बेला मलाई यो घरबाट पराइघरमा बिहे गरेर पठाउन सक्छ । त्यसैले तिमी तयार होऊ, मलाई तिमी आफ्नो घर लग, मलाई भगाई लानू, म आउन तयार छु ।" त्यो नोकर जसको बाध्यता छ कि आफ्नो घर सम्भिन्छ– "त्यस्तो अनकन्टार विकट ठाउँमा कसरी लगूं ? अहिले त उनी भावनात्मक रूपमा तयार छिन्, मानसिक रूपमा तयार छिन्, भोलि भविष्यमा त्यो पुनः वस्तुगत स्थिति देख्दाखेरि उनी तयार हुनसक्छिन ? उनी डराएर भागिन् भने के गर्ने ?" मनमा अन्तरद्वन्द्व छाउँछ, तर पनि उसले आँट्यो । "ठीक छ, भोलि विहान म फलाना ठाउँमा गएर कुर्छु, म तिम्रो प्रतिक्षामा रहने छु, जसरी भएपनि तिमी आउनू" भनी उ त्यहाँबाट भाग्छ ।

वास्तवमा पटाचारालाई संरक्षणको लागि सातातले त्यो घरको माथिल्लो बुँइगल कौसीमा राखिएको थियो तर पनि मायाप्रेम, स्नेह जुन आसक्ति ढंगबाट कस्सिएर Attachment को रूपमा जतिबेला अगाडि बढ्छ, त्यतिबेला कसैले त्यसलाई फुत्काउन गाह्रो हुन्छ । कसैले फुत्काउन खोज्छ त त्यहाँ विद्रोह बुलन्द हुनसक्छ । त्यसैले जबरजस्ती होइन, यसलाई समन गर्न नियन्त्रण गर्नका लागि बुद्धी पुऱ्याएर, अक्कल पुल्याएर गरिनुपर्छ भनेर हामी भनिरहेका हुन्छौं । तर पटाचाराको संरक्षित जीवनलाई यहाँ कसैले रोक्नै सकेन, कसैले ध्यान दिन सकेन । आफ्नो भविष्यमा हुनेवाला, जस्लाई उनले जीवन साथीको रूपमा सोचिसकेकी थिइन् उनैलाई भेट्न, उसंग जीवन गुजारा गर्नको लागि रातभर उनले विभिन्न कल्पना गरिन्, काल्पनिक संसारमा उनी



Downloaded from http://www.dhamma.digital

कताकता भौंतारिए, निंद्रै लागेन । भिसमिसे विहानीसँगै नयाँ राम्रो लुगा होइन उनले पुरानो च्यातिएका लुगा लगाईन्, कति न बढार्ने जस्तै, त्यही घरमा कामगर्नेजस्तै गरी उनी भागिन् । जो प्रतिक्षामा थिए उनलाई भेट्दा उनीहरूको नयाँ जीवनको Turning Point (मोड), नयाँ जीवनले अब गति पाउने अवस्थामा पुग्यो ।

–"तयार छौ ?"

–"म तयार छुं ।"

–"जाऔं हिंडौं अबेर नगरौं ।" त्यो केटोले पटाचारालाई आफूसँगै विकट ठाउँमा लिएर गए ।

आखिर त्यहाँ पटाचाराले सम्पूर्ण कुरा भुल्नुपऱ्यो, त्यो उनको बाध्यता पनि थियो, जसलाई उनले आफ्नो जीवन साथी भनेर स्वीकार गरिन्, अब त्यस घरमा उनले गर्नुपर्ने यावत संघर्षहरूलाई आत्मसात गर्नैपऱ्यो, त्यसै गरिन् । माइतमा खूब मस्तिका साथ सम्भ्रान्त परिवारका साथ हुर्किएकी, कुनै पनि काम गर्न नपर्ने, सबै काम नोकरचाकरबाटै परिपूर्ण हुने त्यो अवस्था अब त्यहाँ रहेनन् र पनि उनी सन्तुष्टीका साथ आफ्नो जीवनसाथीसँग जेजस्ता कृयाकलाप गर्नु परेपनि उनी तयार भएर त्यतैतिर घुलमिल हुँदै, Adjust हुंदै आफ्नो जीवनलाई उनले अगाडि बढाइन् । समयको अन्तरालसँगै गर्भवती भएकी पटाचाराले, जतिबेला भण्डै दशमहिना पुग्न लागेको थियो, माइतजान खूब इच्छा गरिन् । हुन त उनले पहिलेदेखि माइत जान्छु, माइतमैं बच्चा पाउँछु भन्ने सोचेकी थिइन्, धेरै पटक अनुमति मागेकी नै थिइन् तर उनले अनुमति पाइनन् । अनुमति दिनुपनि कसरी ? केटोको आफ्नै बाध्यता छ, कतै अनुमति दिएर उनी माइत पुग्छिन् पछि फेरि यताको आफ्नो घर थाहापाएर बबाल गर्न आउलान्, सम्भ्रान्त परिवार न हो ! के गर्लान, कसो गर्लान्, उनमा ठूलो डर थियो । त्यसैले "हेर ! पटाचार मसित यो यौटा तिमी नमाग, यसमा



Downloaded from http://www.dhamma.digital

राजी छुइनँ ।" एकदिन पटाचारा आफ्नो श्रीमान जंगलतिर दाउरा खोज्न गइरहेकै समयमा माइत जान्छु भनी भाग्छिन् । घरमा आउँदाखेरि पटाचारा हुंदैन, यता हेऱ्यो उत्ता हेऱ्यो कतै छैन, बस कुदेर पटाचारालाई भेट्टाएरै छोड्यो्, खूब कर गर्छिन् माइत जान, तर बीचै बाटोमा व्यथा हुन्छ, प्रसव वेदनाले उनलाई सताउँछ, बाटैमा बच्चा पाउँछ, त्यसपछि पटाचाराले सोचिन् जे काम कुराको लागि म भागेर आएं, माइती जान्छु भनी । बाटैमा यो काम पूरा भयो । त्यसैले अब म जान्न भनी केटोकै घरमा फर्किन् ।

विस्तारै उनीहरूबीच जुन मायाप्रीति बसेको थियो, त्यसको फलस्वरूप पाएको त्यो बच्चा, जोसँग उनीहरूले संसारसलाई नै बिर्सेर त्यही सानो संसारलाई ठूलो संसारको रूपमा जीवीकोपार्जन गर्न थाले ।

केही वर्ष बित्यो, फेरि पनि पटाचारा गर्भवती भइन्, यसपल्ट भने पटाचाराले खूब जसरी भएपनि म माइत पुग्छु, त्यहीं बच्चा जन्माउने छु, मेरा आमाबुबाले मलाई स्वीकार्ने नै छ भन्ने सोचिन् । हुनपनि प्रत्येक छोरीले बिबाह भैसक्दा चाहे त्यो भागेरै गएको किन नहोस, उसको लागि ठूलो सहारा भनेको माइतै हुन्छ । यो मान्यता त्यतिबेला थियो, अहिले छ भोलि पनि रहीरहने छ । त्यसैले पटाचाराले पनि यही सोचिन्– "आखिर आमाको मन त हो ! मलाई कसरी स्वीकार गर्दिनन् ? म जान्छु, जसरी भएपनि जान्छु ।" दोश्रो पटक गर्भवती हुँदा पहिलेजस्तै पटाचारा भाग्न सफल भइन् । हुन त तिनले पहिलेजस्तै अनुमति मागेकै थिइन् तर अनुमति दिने कुरै हुँदैन, उनको पनि बाध्यता छ । तर पटाचाराले भरखरै हिनहिनाउन थालेको आमा र बा मात्र भन्न जानेको छोरालाई कहिले बोक्दै कहिले हातको औंलाले डोऱ्याउंदै माइततर्फ लागिन् । एकातिर आफू गर्भवती, विस्तारै जानुपर्ने त्यो अवस्था । केटो मान्छे घर आइपुग्छ, पटाचारालाई नदेख्दा पहिलेजस्तै भागिन् भनेर, जसरी हुन्छ पहिलेजस्तै फर्काउँछु भनी केटा मान्छे



Downloaded from http://www.dhamma.digital

डौदिन्छ । पहिलेभन्दा धेरै पर पुगिसकेकी पटाचारीलाई भेट्टाउंछ, तर उनी मान्दैनन् । आकाशमा कालो बादल छाइरहेको थियो, घनघोर वर्षा हुन्छ, अब फर्किन पनि अप्ठ्यारो भैसकेको स्थिति थियो ।

जंगलमैं रात काट्नुपर्ने अवस्था श्रृजना भयो, संयोग यस्तै भयो पहिलेजस्तै प्रश्रव वेदनाले सतायो, ब्यथा भयो, पटाचारा चिच्याइन्, कराइन् । ब्यथा भइरहेकी आफ्नी श्रीमतिबाट पाउने बच्चालाई सुरक्षा गर्नको लागि पातपतिङ्गर खोज्न जंगलभित्र प्रवेश गर्ने त्यस केटाको हालत बेहाल हुन्छ, यौटा विषधारी साँपले डस्छ, थुङ्छ, तुरुन्तै जिउभरी विष फैलिन्छ, त्यहीं उनको देहअवसान हुन्छ, मृत्युलाई त्यहीं वरण गर्छ, आत्मसात गर्छ ।

यता प्रश्रव वेदनाले पीडित पटाचाराले त्यो मुसल-धारे वर्षाकै दौरान त्यहीं बच्चा पाउंछे । दुईहातले छेकेर, मासुको डल्लोभैं त्यो भर्खर पाएको बच्चालाई रातभरी उनले, सुरक्षितकासाथ बचाइन् । ठूलो संघर्ष नै गर्नुपर्‍यो, मिर्मिरे विहानीसंगै यतिका बेर भैसक्यो, रात कटिसक्यो, किन अहिलेसम्म आइपुगेन भनी पटाचारा त्यो सानो बच्चा र भरखर पाएकी बच्चा लिएर आफ्नो श्रीमानको खोजीमा विस्तारै जंगलतिर प्रवेश गर्दा "हरियो हरियो रंगमा डङ्गरङ पल्टिरहेको आफ्नै श्रीमानलाई देख्दा, पटाचाराभित्र ठूलो संवेदना उत्पन्न हुन्छ,– "अहो ! जसको लागि मैले परिवार त्यागें, सारा सुखद्, जीवनलाई तिलाञ्जली दिएर आएं, मैले परिवार भनिनं, समाज भनिनं, सुखद् जीवन भनिनं, सबै छाडेर आएँ आखिर उनलाई नै मैले आज त्याग्नु पर्‍यो, छोड्नुपर्‍यो । अहो ! मैले कस्तो दुःख व्यहोर्नु पर्‍यो !?" ठूलो शक (चोट) पर्‍यो, गाह्रो भयो, रुँदै रुँदै मनमा ठूलो विरह र वदेना साथ बाहेक अब उनलाई कुनै साहारा भएन, बस माइत मात्र । बस माइतभन्दा अरु कुनै सहारा छैन । हर कुरामा उनी बेसहारा भइन्, सुत्केरी जिउ, रातभरीको पीडाकष्टले गर्दा तिनको शरीर रगत नभएकोजस्तो फुस्रो देखियो । नवजात शिशुलाई बोकी ठूलो छोरालाई औंलाले डोर्‍याई, धुन्मुनिंदै



Downloaded from http://www.dhamma.digital

आफ्नो लोग्नेलाई खोज्न हिंडेकी, अब आशा सबै आशातीतको रूपमा अगाडि बढिन् माइतकै आशामा विलाप गर्दै अगाडि बढिन् ।

रातभरिको मुसलधारे वर्षात्को कारण बाटैमा भेटिएको अचिरवती नदी तर्न अब ठूलो समस्या पर्छ । खोलामा पानी बढेको थियो, नदी तर्ने आँटै भएन, र तैपनि पटाचाराले विचार गरिन्– यो नवजात शिशुलाई पारीमा छोडी आउने छु भनेर सकी नसकी पारीमा यौटा रूखमुन्तिर छोडेर फेरि यता अर्को सानो बच्चालाई लिन आउंछु भनी आउंदै गर्दा जतिबेला उनी नदी बीचैमा थिइन, त्यतिबेलै कताकता फेरि यौटा विडम्बना तेर्सिन्छ । भोकले रन्थनिएको यौटा चील-गिद्ध आकाशमा रन्थनिएर यताउता चहार्दै थियो, नवजात शिशुलाई देख्दा आलो मासुको डल्लोझैं लाग्नु स्वाभाविक थियो । सरर तल ओर्ली त्यो नवजात शिशुलाई टपक्क टिप्नै लाग्दा, च्याप्नै लाग्दा पटाचारा बेसकरी कराइन्, चिच्याइन् । स्यू हा ! भन्दै हात हल्लाइन् । विजोगको बेला एकपछि अर्को दुःखदर्द लहरिंदै आउनु झन् विजोग हुन्छ । यता आमाको चिच्चाहट एवं हात हल्लाइएकोजस्तो ठानेर त्यो सानो पारिमा छोडिआएको बच्चाले मलाई आमाले आऊ आऊ भनी बोलाइन् भन्ने त्यसकिसिमको मानसिकताका कारण विस्तारै नदीतिर तल ओर्ले, अचिरवती नदीले त्यो बच्चालाई पनि बगायो ।

अभागी पटाचाराको दिल छियाछिया भयो, मन फाट्यो, साह्रै दुःख भयो, वेदना भयो, विलाप भएकी, विचरा टुहुरा बनेकी पटाचाराले "मेरो यौटा छोरा बाजले लग्यो, अर्को छोरा बाढीले बगायो, सर्पको टोकाइबाट श्रीमानको मृत्यु भयो" भन्दै छाती पिटी पिटी रूँदै रूँदै, कराउँदै चिच्याउँदै-विलाप गर्दै, जसोतसो श्रावस्ती नगरको द्वारमा पुगिन् । यौटा मान्छेसित भेटहुन्छ, विस्तारै उनले सोधिन्–

"फलाना फलाना ठाउँमा बस्नेहरूको हालचाल के छ ? उनीहरूको जीवन कसरी अगाडि बढिरहेको छ ?"



Downloaded from http://www.dhamma.digital

यसरी सोध्दाखेरि त्यसमान्छेले "कृपया उनीहरूको बारेमा मलाई नसोधनुस्" भनी भने ।

यसो भन्दा पटाचारालाई झन् जिज्ञासा बढ्यो ।

"किन ?" भन्नुहोस् न भन्नुहोस् ।

"हेर बहिनी आज रातभरि मुसलधारे वर्षा भएको तिमीलाई थाहा छंदैछ, रातभरिको वर्षाले गर्दा त्यो महाजनको परिवारमा ठूलो विपत्ति आइपऱ्यो । सुतिरहेकै बेला घर भत्किंदा सबैको मृत्यु भयो । त्यसैले हेर ! उ पर त्यो पर देखिने मसान घाटमा, एउटै चितामा उनीहरूलाई जलाइरहेको छ । चिताको आगो अझै निभेको छैन ।"

ती लासहरूको एउटै एकसरो धुंवा आकाशमा मिसिएकोझैं उनले देखिन् । अब पटाचाराले केही सोच्नै सकिनन् । अलि अलि असन्तुलन भइरहेको त्यो मानसिक अवस्थालाई झन् सन्तुलनमा लिनै सकिनन् । बेहोशजस्तै भइन् के सोचिरहेको छु, बिर्सिन् । कहाँ छिन् ? त्यो पनि बिर्सिन् । आफ्नो जिउमा लुगा छ छैन त्यो समेत उनले बिर्सिन्, होस हवासै उड्यो, पगलीजस्तै छताछुल्ल हुन्छ ।

एकपछि अर्को थपिएको दुःख दर्दले मानसिक आघात पर्नु स्वाभाविक हो । विछोडै विछोडपूर्ण हालतले पटाचारालाई जिउँदो लासमा परिणत गराइदिन्छ । असह्य मानसिक आघातका कारण उनी बर्बराउन थालिन्, कराउंदै, चिच्याउंदै भौंतारिन थालिन् ।

**"उभो पुत्ता कालकता, पन्थे मय्हं पति मतो ।**
**मातापिता च भाता च, एकचित्तम्हि डय्हरे ।"**

*(थेरी अपदानपालि)*

यो गाथा गुनगुनाउँदै गुनगुनाउँदै उनी यताउता कताकता भौंतारिएर रहे । "मेरा दुई बालकहरु मध्ये एउटालाई बाजले लग्यो, अर्कोलाई बाढीले (नदीले) बगायो, सर्पको टोकाइले श्रीमानको मृत्यु भयो, आमा-बुबा र भाइ एउटै चितामा भस्म भए ।"



Downloaded from http://www.dhamma.digital

यसरी त्यही त्यही कुरा मात्र मनमा झलझली याद आइरहँदा, त्यसैमा मात्र लीन भइरहँदा, उनको मानसिक स्थिति असन्तुलित भयो, बहुलीजस्तै भइन्, पगली नै भइन्, आफ्नो आङ्गमा वस्त्र छ छैन पर्वाह भएन, निर्वस्त्र नै भइन् । बस दुःख, वेदना, पीडा, विरहका साथ "सबै मरे, म एक्ली भएं" भन्ने एकोहोरो एक्लोपन-भावनामै डुबुल्किंदै तैरिंदा बाटोमा सबैले बहुलायिनी, पगली, खुस्केकी भनी जिस्काउन थाले, हिलो छ्याप्ने, ढुङ्गाले हान्ने, लट्ठीले हिर्काउने, तर्साउने, लखेटिने, रिङ्ग्याउनेजस्ता लोक व्यवहारले पटाचारालाई झनै बहुलायिनी बनाइदिन्छ ।

गन्तव्यहीन-उद्देश्यहीन यात्रासँगै उनको जीवन छताछुल्ल भइरहेको समय, यताउता-कताकता भौंतारिंदै उनी जेवतनाराममा पुग्छिन् । त्यतिबेला उनलाई सबैले रोके–

"हे ! त्यहाँभित्र जानुहुन्न, यहाँ आउनुहुन्न, भित्र जान पाइंदैन ।"

तथागत शास्ता, जसले उपदेश गरिरहनुभएको थियो– चतुपरिषद्सामू । मैत्री, करुणा, मुदिता, उपेक्षा आदि गुणले भरिएको तथागत हृदय न हो, सबैले रोकेकै थिए तर "नरोक आउन देऊ" भनी मैत्रीपूर्वक मधुरस्वरमा भन्नुभयो– "सतिं पटिलभ भगिनी" "हेर ! बहिनी, होसमा आऊ, सजग होऊ, सतर्क होऊ ।" यति भन्ने वित्तिकै त्यो मधुरवाणीको प्रभाव त्यहाँ देखिने हुन्छ ।

पटाचारा झसंग गएजस्तै झँल्यास ब्युँझिएजस्तै "अहो ! मलाई के भनेको ? कसैले मलाई मान्छे नै गनेको थिएन । बहुलायिनी भनेर कसैले मेरो कुरा सुन्न, मसित कुरा गर्न तयार थिएन । तर आज मलाई होसमा आऊ बहिनी भनेर कसैको पुकार सुनिंदै छ ।"

तथागत-हृदयबाट प्रष्फुटित झंकार सुनी पटाचाराले आफूलाई सहारा मिलेको महसूस गरिन् । एक्लिएर विरक्तिएकी पटाचारालाई



Downloaded from http://www.dhamma.digital

कसैले नजिकको व्यवहार गरी आत्मियताले अंगालो हालेजस्तै अनुभूति प्राप्त हुँदा उनमा होशीयारीपन जागृत हुन्छ । त्यसपछि उनी सर्माइन्, उनमा लज्जालुपन देखिने हुन्छ, थचक्क भुईमैं बस्छिन् । कसैले उनलाई दिएको पछ्यौरा बेरिन् ।

त्यसपछि पटाचाराले आफ्नो सम्पूर्ण विरह-गीत, कहालिलाग्दो जीवन-वृतान्त सबैसामू खुलेआम प्रकट गर्छिन् । उनको दुःखद् जीवन-वृतान्त सुनिसकेपछि महाकारुणिक तथागतले भन्नुभयो– "पटाचारे ! धैर्य गर, शोक नगर, विलाप नगर । तिमी यताउता चहार्दै-भौंतारिदै थियौ– बेसाहारामा । आज तिमीले सहारा पायौ, तिमी सही ठाउँमा आइपुग्यौ, तिमी राम्रो शरणमा आइपुगेका छौ । हो, तिमीलाई अत्यन्त दुःख भइरहेको छ, तिम्रो दुःख- पीडा ठम्याउनै नसकिनेजस्तोछ, तिम्रो मुटु फूट्लाजस्तो छिया छिया परेको छ अहिले, यस किसिमको दुःख कसैलाई नआओस् र पनि यो स्वाभाविक दुःख हो । यो कसैले कसैलाई गर्छु भनेर सराप्दैमा, यस्तै होस् भनेर हुने दुःख होइन । जीवनसँगसँगै के कस्ता दुःख आइलाग्छन् कसैले भन्न सक्दैन । यो अनिश्चित जीवनमा कुनै न कुनै बेला कुनै न कुनै तवरबाट यावत दुःख-दर्दहरूले पछ्याइराखेको हुन्छ । तिमी पनि आफ्नो बालबच्चा, आफ्नो श्रीमान, आफ्नो जन्मदाता आमाबुबा तथा भाइको सम्झनामा, उनीहरूको स्मरणमा कति रोयौ होला । तिमीले कति विलाप गरिसक्यौ, कति आँसु झारिसक्यौ, समुद्रको पानीजस्तै कति बगेबगे । वास्तवमा दुःखले छट्पटिएका मानिसहरूको शोकसन्ताप अनन्त-अप्रमाण हुन्छ । त्यसकारण पटचारा, तिमी अप्रमादी होऊ, होसमा आऊ, सजग र सतर्क बन । अब तिमीले दिलचस्पिकासाथ कुशलधर्म गर, कुशलधर्म सम्पादन गर । तिमीले राम्रो विधि-व्यवहारमा निरन्तररूपमा छाउँदै त्यसैमा रमाउने प्रयत्न गर । यो संसारको कुनै अन्त छैन । शोकसन्तापमैं मात्र अल्मलिएर नबस ।"

वास्तवमा मृत्यु ध्रुव सत्य हो । मृत्युलाई सबैले वरण गर्नुपर्छ, आत्मसात गर्नुपर्छ । सानोमा या ठूलोमा, यौवनमत्तामा या बुढेसकालमा



Downloaded from http://www.dhamma.digital

स्वाभाविक रूपमा या दुर्घट्नामा, कुनै न कुनै तवरबाट मृत्युलाई सबैले वरण गर्नैपर्छ । यहाँ जस्को जन्म हुन्छ, उसको मृत्यु यहीं हुन्छ । मरणलाई उसले स्वीकार्नै पर्छ ।

तथागत शास्ताले दुःख दर्दकी रानी, शोक र विलापले थकित पटाचारालाई सान्त्वना दिनुहुँदै देशना गर्नुभयो–

**चतुसु समुद्देसु जलं परित्तकं,**
**ततो बहुं अस्सुजलं अनप्पकं ।**
**दुक्खेन फुट्ठस्स नरस्स सोचना,**
**किं कारणा सम्म तुवं पमज्जस्सी'ति ॥**

*(धम्मपदट्ठकथा, थेरीगाथा अट्ठकथा)*

"पटाचारे ! जसरी अहिले तिम्रा बालबच्चा, पति, आमाबुबा तथा भाइको मृत्यु भयो, त्यस्तैगरी यो अनन्त संसारचक्रमा तिम्रा कति पतिहरु, बालबच्चाहरु, आमाबुबाहरु मरिसके होलान् । त्यसमा तिमी कति रोयौ होली । सांचै ती बहेका आँसु एकै ठाउँमा जम्मा भएका भए महासमुद्रको पानीभन्दा पनि धेरै भइसक्थे होलान् । त्यसो हुनाले बहिनी पटाचारा ! शोक नगर, प्रमादी नहोऊ ।"

यसरी अनन्त संसार-विषयक उपदेश सुन्दासुन्दै प्यासीलाई कुवामिलेजस्तो भयो पटाचारीलाई, मनमा दन्दन् बलिरहेको आगो शान्त हुँदै गयो, जिउ हलुंगो भयो, विक्षिप्त मानसिकता सनै सनै सन्तुलनमा आएझैं सही ट्राय्क भेटियो, हृदयभित्र थुप्रिएका-कोचिएका शोकसन्ताप मत्थर हुँदै गए, जीवनमा नयाँ मोड भेट्टिएजस्तो भयो । उनको हृदय परिवर्तनतिर आकासिंदै गइरहेको ठीक समयमा उपदेशात्मक कुराले ठूलो परिवर्तन ल्याइदिन्छ । उपदेशपछि पटाचार बुद्धसमक्ष शिष्या-भिक्षुणी हुन तयार भइन्, प्रव्रजित भइन् । भिक्षुणी भइसकेपछि उनको जीवनले कोल्टो फेऱ्यो, उनको जीवनको मोड बेग्लैतर्फ मोडियो । उनले धर्मलाई भाविता गर्न खोजिन्, अभ्यास गर्न खोजिन्, मानसिक



Downloaded from http://www.dhamma.digital

रुपमा उनी सबल भइन् । उनले निरन्तर विपश्यना साधना गरिन् । आफूले आफैंलाई चिन्ने उपायमा उनी तल्लिन भइन् ।

एकदिनको कुरा हो, आफ्नो कोठामा ध्यान गर्न जानुभन्दा पहिले हातखुट्टा धुने समयमा जग (मग) ले आफ्नो खुट्टामा पानी खन्याउँदा खन्याउँदै अलिकति पानी बहेको, त्योभन्दा अलिकति पर, अझ बढी खन्याउँदा अझ बढी पर गएको– त्यसैकुरालाई मात्र चिन्तन मन्थन गर्दै पटाचाराले यो कुरालाई आत्मसाथ गरिन् कि 'अहो ! जीवन यस्तै रहेछ, कोही आमाको गर्भमैं, कोखमैं मरेर जान्छन्, कोही भरखर तोतेबोली बोल्न मात्र जानेको सबैको प्यारो अवस्थामा मरेर जान्छन्, भरखरको नवजवान यौवनमत्ताको उमेरमा मरेर जानेहरु छन्, अर्धवैंशमा मर्छन्, बुढापाकाको उमेरमा मरेर जान्छन् । आखिर मृत्युले कसैलाई पनि छोड्दैन । प्रत्येक जीवनमा मृत्यु लुकेको हुन्छ, प्रत्येक जीवन मृत्युमा परिणत हुनैपर्छ, हरेक जीवनमा मृत्यु अवश्यम्भावी छ । वश ! कहिले, कसरी, कुन रुपमा मृत्युलाई वरण गर्नुपर्ने हुन्छ यसमा अन्तर हुनसक्छ, भिन्नता हुनसक्छ । तर मृत्युलाई त वरण गर्नैपर्छ ।' यस्तै भावनाहरु मनमा एकपछि अर्को तैरिनेक्रम जारी रहन्छ । यससँगै पटाचाराले उत्पाद र व्यय, क्षय, उत्पत्तिका विषयमा केही ज्ञान आफूलाई प्राप्तभएभैं उनी अब शान्त भइन् । शान्त र सौम्यरुपमा उनले जीवन गुजारा गर्नसक्ने हुन्छिन् । यहाँ प्रत्येक कुराचीजवस्तु उत्पत्ति हुन्छ, विनाश हुन्छ । यो देखिने र त्यो फेरि हराउँदै जाने, यो जुन यौटा प्रकृया छ, यो जुन यौटा चक्र छ, यो प्रकृतिको नियम, उत्पत्ति र विनाशको नियम र स्वभाव, जसलाई जान्नुपर्छ–बुझ्नुपर्छ भनेर त्यही कुरालाई पटाचाराले साक्षात्कार गरिन् । उनले आस्रव क्षय गरिन् । राग, द्वेष र मोहलाई क्षेदन गरी अर्हत भइन्, अरहत्वस्थितिमा पुगिन्, निर्वाणधर्मलाई अवबोध गर्न सकिने भइन् । जीवन र जगतलाई यथार्थ रुपमा आत्मसाथ गरी पटाचाराले विरहीजीवन गाथालाई यथार्थ सुखमा परिणत गरी जीवनलाई सुखी तुल्याइन्, अहो धन्य जीवन बनाइन् ।



Downloaded from http://www.dhamma.digital

वास्तवमा उत्पत्ति हुने, विनाश हुने, जुन स्वभाव धर्म छन्, जुन प्रकृया छ, त्यसलाई नजानिकन, नबुझिकन हामी सयवर्षै बाँचौं न ! त्यसको कुनै अर्थ रहन्न । तर उत्पत्ति-विनाशरूपी स्वभावधर्मलाई हामीले जान्ने प्रयत्न गर्छौं, संकल्प गर्छौं, कोशिस गरिरहेका हुन्छौं, त्यसलाई साक्षात्कार गरेर बुझेर चाहे एकैदिन मात्र किन नहोस्– त्यसरी बाँच्नुको सार्थकता रहन्छ, त्यो श्रेष्ठमय जीवन हुनसक्छ । वस्तुतः पटाचाराको जीवनले पनि यही कुरालाई पुष्टि गरिदियो । प्रेमपूर्ण संयोगले अगाडि बढेको उनको जीवन वियोगान्तसँगै तितरवितर, यता र उता भौंतारिने अवस्थामा, आफ्नो मानसिक स्थितिलाई समेत सन्तुलनमा राख्न नसकिएका अवस्थामा गुज्रिसकेको त्यो कारूणिक जीवनले तथागत शास्ताको मिलनपछि, भेटपछि सर्वथा यौटा नयाँ जीवन पायो । यस उसले हामीले पनि प्रत्येक जीवनको पाइलामा सूझबूझकासाथ होस–सजगतालाई निरन्तर रूपमा प्रवाहित गर्न सक्नुपर्छ, अप्रमादी भएर बाँच्ने जमर्को गर्नुपर्छ । उत्पत्ति र विनाशको जुन नीति नियम स्वभाव छ, त्यसलाई बुझ्ने प्रयत्न गर्नुपर्छ । अनि हामीले यो जीवन र जगतलाई सामीप्य ढंगबाट बुझ्नसक्ने हुन्छौं । हामी पनि यसरी नै अगाडि बढौं ।

साधुवाद ॥

*(२०६४ आश्विन १० गते मैत्री एफ.एम.को मैत्री वाणीमा भिक्षु कोण्डन्यबाट भएको प्रत्यक्षप्रवचन)*



Downloaded from http://www.dhamma.digital

पटाचारा : सचित्र कथा

लेखन तथा परिकल्पना
**बासुदेव देशार**

चित्र
**सुरेम देशार तथा निरोज देशार**

# पटाचारा

## बाल्यकाल

गौतम बुद्धको समयमा कोशल राज्यको राजधानी श्रावस्ती (जुन हाल भारतमा अवस्थित छ) एक समृद्धशाली नगर थियो ।



त्यस नगरमा धेरै धनाढ्य साहू महाजनहरु बस्दथे । तीमध्ये चालीस कोटी (४० करोड) धन सम्पत्ति भएको एकजना महाजन पनि बस्दथ्यो । त्यस महाजनको एक छोरा र एक छोरी थिए । छोरीको नाउँ पटाचारा थियो । पटाचारा साह्रै राम्री एवं रूपवती थिइन् ।



Downloaded from http://www.dhamma.digital



ती छोरा छोरी दुबैलाई महाजनले राम्ररी पालन पोषण गरी सुखमय जीवन बिताउन आवश्यक सुख सुविधाहरु जुटाइदिएको थियो । क्रमशः पटाचारा जवान हुँदै १६ वर्षको तन्नेरी उमेरमा प्रवेश गरिन् ।



Downloaded from http://www.dhamma.digital



आमाबाबुले तन्नेरी पटाचारालाई कडा सुरक्षाको दृष्टिकोणले साततला भएको प्रासादको सबभन्दा माथिल्लो तलामा पूर्ण रेखदेख गरी सुख सुविस्ताकासाथ राखेका थिए ।



Downloaded from http://www.dhamma.digital



## विवाह

उक्त धनाढ्यको घरमा आफ्ना छोराछोरीको सुखसुविधाका लागि थुप्रै नोकरहरु राखेका थिए ।

पटाचारालाई तिनका आमाबाबुले त्यसरी सुरक्षा गरी राख्दाराख्दै पनि तिनकै घरमा नोकरी गरिरहेको एकजना नोकरसित पटाचाराले प्रणय सम्बन्ध (मायाप्रीति) गाँसेकी थिइन् ।



Downloaded from http://www.dhamma.digital

उता आमाबाबुले पनि छोरी पटाचारालाई बिहे गरिदिने बारे कुरा गरिरहेका थिए । उनीहरु भन्थे- बैंश पुगेकी छोरीलाई अब दिइ पठाउनुपर्ला ।

त्यसैताका एकदिन समान कुल र जातिको कुलको कुमारको तर्फबाट पटाचारालाई माग्न आए ।



पटाचाराको आमाबाबाले सबै कुरा सुनिसकेपछि छोरी पटाचारालाई त्यसै कुमारलाई दिइ पठाउने निश्चय गरी कामकुरा छिने ।



Downloaded from http://www.dhamma.digital



बिहेको कुरा पटाचाराले थाहा पाइन् । अनि आफ्ना प्रेमी त्यस नोकरसित भेटी यसो भनिन्-

"हे प्रिय ! अब मेरा आमाबाबाले मलाई बिबाह गरिदिने भइसक्यो । त्यो केटोसँगै बिहे भयो भने त तिमीले मलाई पत्रद्वारा समेत भेट्न सक्दैनौ । यदि तिमीले मलाई साँच्चै माया गर्छौ भने मलाई यहाँबाट जसरी भएपनि भगाएर लैजाऊ ।"

यसरी पटाचाराले त्यस नोकरलाई विश्वासपूर्वक सबै कुरा सुनाइन् ।



Downloaded from http://www.dhamma.digital

अनि त्यस नोकरले पटाचारालाई आश्वासन दिंदै भन्यो - "त्यसो हो भने भोलि बिहान म नगर बाहिर फलाना ठाउँमा बसिराख्छु । तिमी जुनसुकै उपाय गरेर भए पनि त्यहाँ आइपुग । अनि हामी दुबैको प्रेमपूर्ण दाम्पत्य जीवनको अभिलाषा पूर्ण हुनेछ ।" यसरी आवश्यक सल्लाह साउती गरी त्यहाँबाट छुट्टिए ।



ती यौवनमत्ता पटाचारालाई घरमा आमाबाबाले जति सुखपूर्वक पालन-पोषण गरिराखेको भएपनि कामान्ध भएर माइतिको सुखलाई समेत तिलाञ्जली दिंदै रातको समयमा घर छाडी त्यस नोकरसित भाग्ने नै निश्चय गरिन् ।



Downloaded from http://www.dhamma.digital



उता त्यस नोकर बिहान सबेरै उठी आफूहरूले सल्लाह गरेको स्थानमा पुग्यो । अनि चुपचाप पटाचाराको प्रतीक्षा गरिरह्यो । जब भिसमिसे बिहानी भयो, पटाचारा घरबाट निस्कन तयारी गरिन् । सबेरै फोहोर फाल्न लैजान लागेकी दासी जस्तै गरी भेष बदलेर गुप्तरूपले कसैले चिन्न नसक्ने गरी घरबाट निस्किन् । त्यसबेला तिनले आफूलाई चाहिने आफूसँग भएको लुगाफाटो र गरगहना पनि साथै लगेकी थिइन् ।



Downloaded from http://www.dhamma.digital



निश्चित गरिएको स्थानमा आफ्नो प्रियतमसित भेट गरिन् । त्यसपछि ती दुबै प्रेमीप्रेमीका नयाँ दाम्पत्य जीवन सुखमय बनाउन त्यस शहरबाट टाढाको एक गाउँमा बस्न गए ।

उनीहरूले नयाँ जीवन आइपर्ने जुनसुकै सुखदुःखलाई सामना गर्ने अठोट गरे । नयाँ जीवन पाएर दुबै सुखी र खुशी भए ।



Downloaded from http://www.dhamma.digital



त्यस टाढाको गाउँमा आफ्नो र आफ्नी प्रियाको जीवनयापनको लागि युवकले जंगलभित्र खेत बनाई खेती गर्न लाग्यो । जंगलबाट घर फर्किंदा सधैं दाउरा पात बटुली ल्याउँथ्यो ।

उक्त दाउरा नजिकको बजारमा बिक्रि गरी त्यसैबाट आफ्नो जीवनयापन गर्नको निमित्त आर्थिक व्यवस्था मिलाए । पटाचाराको जीवनमा ठूलो परिवर्तन आयो । पहिले नोकचाकरले गरिदिने सबै काम अब जानी नजानी आफैले गर्नुपर्‍यो । आफ्नो प्रेमलाई साकार पार्न, आफ्नो प्रेमीलाई प्राप्त गर्न पटाचाराले सबै दुःखदर्द हाँसी हाँसी स्वीकार गरिन् ।



Downloaded from http://www.dhamma.digital



पटाचाराले घरको कामकाज गर्ने, पानी ल्याउने, धान कुट्ने, भात पकाउने, सुग्घर सफाइ गर्ने इत्यादि सबै काम आफैंले गरी गृहस्थ जीवन जसोतसो चलाउन थाले ।

क्रमशः समय बितेपछि पटाचारा ती दुबैको दाम्पत्य जीवन शुरु भएको दश महिना भइसकेपछि पटाचारा गर्भवती भइन् ।

गर्भ बढ्दै गएपछि पटाचाराले आफ्नो पतिलाई मनको कुरा पोख्दै भनिन्- 'पतिदेव ! म यहाँ एक्लै छु । कुनै उपकारी नाता कुटुम्ब यहाँ छैनन् । अब बच्चा पाउने समय हुँदैछ । यस्तो बेलामा मेरो हेरचाह गर्नेको आवश्यक हुन्छ ।



Downloaded from http://www.dhamma.digital



यदि तपाईंले वचन दिनुहुन्छ भने म माइत जान्छु । त्यहाँ मेरा आमाबाबाले मलाई हेरचाह गर्नेछन् र तपाईंलाई कुनै दुःख पनि हुनेछैन । मलाई जसरी भएपनि माइत पुऱ्याइदिनुहोस् ।"



Downloaded from http://www.dhamma.digital

लोग्नेले पटाचाराको इच्छा पूर्ण हुने किसिमले वचन दिन सकेन । उसले आफ्नो असमर्थता व्यक्त गर्दै भन्यो- "म तिम्रो घरमा नोकर भएर पनि तिमीलाई भगाएर ल्याएँ । अब तिम्रो घरमा जाँदा तिम्रा आमाबाबाले मलाई के गर्लान् कसो गर्लान् भन्न सकिन्न । त्यसैले तिमी माइत नजाऊ । बरु यहीं बस । तिम्रो हेरचाह म आफैं गर्नेछु । तिमी केही धन्दा नमान ।"

अनि पटाचाराले भनिन्- "हे स्वामी, आमाबाबुको मन कमलो हुन्छ । उहाँहरूले हामीलाई केही गर्दैनन् । आखिर म वहाँकै छोरी त हुँ नी !

यहाँ त हाम्रा आफन्त कोही पनि छैनन् । यस्तो ठाउँमा मैले कसरी सुत्केरी बन्न सकुँली ? त्यसैले मलाई माइतै पुऱ्याइदिनुहोस् ।" यसरी बारम्बार अनुरोध गर्दा पनि पटाचाराको श्रीमानले आज-भोलि भन्दै आलटाल गर्दैरह्यो ।

तर पटाचाराले लोग्नेको छातीमा लाछीपना सहेर बस्न सकिनन् । नारीको जीवनमा गर्भवती अवस्था नाजुक हुन्छ । नारीहरु गर्भवतीको अवस्थामा के होला कसो होला भन्ने भयले आत्तिन्छन् । नारीले त्यसबेला केवल जन्मदाता आमाबाबालाई सहाराको रूपमा र उपकारकको रूपमा लिन्छन् ।

आफ्नो लोग्नेले आज-आज, भोलि-भोलि भन्दै जाने दिन नतोकेर आलटाल गरिरहेको थाहा पाएपछि तिनले विचार गरिन् - "अब यो मान्छे श्रावस्ती जाँदैन । यसको कुरामा विश्वास गरेर ठीक हुँदैन । त्यसैले म एक्लै भए पनि श्रावस्ती जानुपऱ्यो ।"



Downloaded from http://www.dhamma.digital



एकदिन लोग्नेचाहिं जंगल गएको मौका पारी विश्वासी छरछिमेकीहरूलाई सूचना दिने विचारले भनिन्-

"साथी हो ! म माइत जान लागेकी छु । मेरो लोग्ने घर फर्किंदा म माइती गइसक्यो भनि दिनुहोला ।" यति भनी पटाचारा माइततिर हिँडिन् । लोग्नेचाहि जंगलबाट फर्किंदा पटाचारालाई देखेन । ढोकामा टाल्चा लाइरहेको थियो । छिमेकीलाई दिइराखेको टाल्चा लिई भान्सामा हेर्दा ठिक्क पारिराखेको खाना पनि नखाई छिमेकीकहाँ जाँदा पटाचाराले भनेकी कुरा उसलाई सुनाए ।



Downloaded from http://www.dhamma.digital



पटाचारा माइत हिंडेकी कुरा सुनेर त्यस युवकको मनमा दुःख लाग्यो । उसले विचार गऱ्यो- 'अहो ! मेरै कारणले कुलीन (धनाढ्यकी छोरी) चेलीले अनाहकमा यस्तो दुर्दशा भोग्नुपऱ्यो ।' यसरी एक्लै फत्फताउँदै पटाचारालाई फर्काएर ल्याउँछु भन्ने कुरा सोचेर उनी गएकै बाटोमा दौडिहाल्यो ।



Downloaded from http://www.dhamma.digital



धेरै पर पुगेपछि पटाचारालाई भेट्टायो । घर फर्काउन अनेक तरहले सम्झाए, फकाए । तर प्रसव वेदनाको भयले लोग्नेको कुरा मानिनन् र आफ्नो बाटोतिर लागिरहिन् । नभन्दै केही समयपछि नै बाटैमा तिनलाई प्रसववेदना (बच्चा पाउने व्यथा) शुरु भयो ।



Downloaded from http://www.dhamma.digital



त्यसै बाटोको छेउको जंगलमा एउटा रूखमुनि सुरक्षित र गुप्त स्थानमा तिनले एक बालकलाई जन्म दिइन् । अनि पटाचाराले लोग्नेलाई भनिन्- "जुन उद्देश्यले माइत जान आएकी थिएँ, त्यो उद्देश्य यहीं पूरा



Downloaded from http://www.dhamma.digital




भइसक्यो । त्यसैले म अब माइत जान्न ।' यति भनी ती दम्पति सुखपूर्वक पुत्र लाभ गरी सन्तुष्ट भई घर फर्के ।

क्रमशः त्यस बालकको लालन पालन भयो । आज भन्दै, भोलि भन्दै बालक दुई वर्षको भयो । पुनः पटाचारा दोस्रोपटक गर्भवती



Downloaded from http://www.dhamma.digital

भइन् । अनि तिनले पहिलेझैं माइती जाने मन गरी लोग्नेचाहिंलाई अनुरोध गरिन् । तर यसपालि पनि पटाचाराले लोग्नेको सहमति पाउन सकिनन् ।


अनि आफ्नै निर्णयमुताबिक काम गर्न चाहिन् । प्रसवको समय नजिक आएको चाल पाएपछि लोग्नेको अनुमति नै नलिई दुई वर्षको बालक साथमा लिई श्रावस्तीतिर प्रस्थान गरिन् ।

त्यसदिन पनि लोग्नेचाहि जंगलबाट काठ, दाउरा बोकी भर फर्केर यो कुरा थाहा पाएपछि फर्काएर ल्याउने विचारले त्यही बाटो भएर लाग्यो । धेरै बेर हिंडेपछि बाटोमा पटाचारालाई फेला त पारिन् । तर अनेक प्रकारले सम्झाउँदा पनि पटाचारा घर फर्कन मानिनन् । तिनी निरन्तररूपमा अगाडि बढिरहिन् । त्यसबेला अकस्मात् आकाशमा कालो बादलले ढाकेर अन्धकार भयो । घाम पनि डुबिसकेको थियो ।

मानौं कुनै अनिष्ट शुरु हुने संकेत दिइराखेको थियो । प्रसवको बारेमा मनमा कुरा खेलाउँदै पटाचारा अगाडि बढ्दै गइरहेकी थिइन् । त्यसैबेला त्यहाँ घनघोर वर्षा भयो । बाटोमा कतै पनि ओत लाग्ने ठाउँ थिएन । पानीमा रुझेरै हिंडिरहिन् । त्यति नै बेला तिनलाई प्रसव वेदना शुरु भयो । प्रसव वेदना सहन नसकी लोग्नेलाई भनिन्- "मलाई प्रसव गर्न पानीले नरुझ्ने एक सुरक्षित स्थान बनाइदिनुस् ।"



Downloaded from http://www.dhamma.digital



आगो ताप्नको लागि स्थान बनाउने सिलसिलामा उसको लोग्ने रूखको हाँगा र घाँसपात बटुल्न जंगल पस्यो । एक ठाउँमा एउटा ढिस्को देख्यो र त्यहाँ हाँगाबिगा, पातपतिंगर पनि देख्यो ।



Downloaded from http://www.dhamma.digital




आफूसँग भएको हँसिया झिकी हाँगा र घाँस काट्न खोज्दा त्यस ढिस्कोनिर बस्ने एक कालो बिषालु सर्पले उसको खुट्टामा डसि हाल्यो । तुरुन्तै जीउभरि विष फैलियो । उसको जीउ निलाम्ये भयो । होस सम्हाल्न नसकी ऊ त्यहीं ढल्यो । तत्कालै उसको मृत्यु भयो ।



Downloaded from http://www.dhamma.digital



उतापट्टि अबला पटाचारा प्रसव वेदनाले छटपटिरहिन् । कोही पनि उपकारक नभएको स्थानमा भरी बतास सहेर लोग्नेको प्रतीक्षामा बसिरहिन् । लोग्ने आउने आसमा यताउति हेरिरहिन् ।



Downloaded from http://www.dhamma.digital

प्रतीक्षा गर्दागर्दै झमक्क अन्धकार भइहाल्यो । अत्यन्तै निराशा पनि भइन् । असह्य प्रसव वेदनापश्चात् रातको प्रहरमा एक बच्चालाई जन्म दिन पुगिन् ।

त्यस्तो अन्धकार रात्रीको समयमा त्यो पनि पानीमा चुटिएर रहनुपर्दा दुःख वेदना सहन नसकी ती दुई बच्चाहरू जोडतोडले रोइरहेका थिए । पटाचाराको करुणापूर्ण हृदयले दुबै बालकलाई रातभरि आफ्नो शरीरको न्यानो राप दिई सुरक्षा दिंदै रात बिताइन् । त्यस्तो बेलामा हाम्रो मनले थाम्न सक्छ वा सक्दैन एकचोटी कल्पना गरेर हेरौं । अवश्य पनि जस्तोसुकैको पनि मन वेदनाले छटपटाउँछ ।

त्यसरी रातभरि पानीमा रुझेर बस्नुपरेको र सुत्केरीको अवस्थामा भएकी हुँदा पटाचाराको शरीर रगत नभएको शरीरजस्तै पहेंलो वर्णको देखिन्थ्यो ।

## पति र सन्तान वियोग

एक सेकेण्ड बिताउन पनि पटाचारालाई अत्यन्त गाह्रो भइराखेको थियो भने एक मिनेटको त के कुरा ! त्यस्ता अनगिन्ती सेकेण्डहरूलाई पार गर्दागर्दै बिहानी भयो । अनि पटाचाराले सानो बच्चा काखी च्यापी ठूलोलाई डोऱ्याई लोग्ने दाउरा बटुल्न जतातिर गएको थियो त्यतै गइन् ।

त्यही ढिस्कोनिर पुगेर हेर्दा विषले कालोनीलो भई मृत अवस्थामा आफ्नो लोग्नेलाई देखिन् । शुरुमा पटाचारालाई विश्वास गर्न साह्रै गाह्रो लाग्यो । पटाचाराको कोमल हृदयले त्यस वियोग दुःखलाई सहन सकेन । अनेक प्रकारले विरह गरी रोइन्, अनि कराइन्- "हाय् ! म कस्ती अभागी रहीछु । मेरो निम्ति नै मेरा स्वामीले बीच बाटोमा प्राण त्याग गऱ्यो ।" यसरी शोकाकुल भई ठूलो विलाप गरिन् । ती सुकोमल



Downloaded from http://www.dhamma.digital

नारीले जीवनमा आराम भोग्नै पाइनन् । सुत्केरीको त्यो बेला उनी कहाँ जाउन् ?!

दुइटै बच्चाहरु लिई शरण पाउने आशामा माइती घरतिर जाने विचार गरिन् ।


चेलीबेटीको आमाबाबु नै शरण हुन्छ । नारी जीवनको ठूलो भरोसा पनि ती नै हुन् । यस्तै विचारले प्रेरित भई माइतीको शरण पाउने आशा गर्दै शोकदुःखको गह्रुँगो भारी बोकी पटाचारा आमाबाबुको माया पाउन श्रावस्तीतिर अगाडि बढिन् । आफ्नो माइती श्रावस्ती पुग्नु अगाडि बीच बाटोमा अचीरवती भन्ने नदी पार गर्नुपर्दथ्यो । रातभरि मुसलधारे पानी परेको कारणले उक्त नदीमा बाढी आएको थियो । नदीको पानी कति गहिरो छ भन्ने अन्दाज तिनमा थिएन । त्यसैले दुइटै बच्चाहरु साथमा लिई नदी पार गर्ने हिम्मत गर्न सकिनन् । हिम्मत होस् पनि कसरी ? त्यस्तो अवस्थामा तिनमा कसरी सामर्थ्य होला ?

कुनै पनि नारीमा त्यस्तो दयनीय अवस्थामा त्यस प्रकारको सामर्थ्य हुँदैन । पटाचाराले विचार गरिन्- "दुइटै बच्चाहरु लिएर अवश्य पनि नदी पार गर्न सकिंदैन । ठूलो बच्चालाई वारि नै छोडेर यो नवजात शिशु लिई नदी तर्छु ।" यति विचार गरी नदी तरी पारि पुगिन् । अनि त्यस नवजात शिशुलाई कपडाले बेरी पात ओछ्याइ पातैले ओढाइ सुताइन् । अनि पारी छोडेर आएको बच्चालाई लिन नदी तर्न लागिन् ।

आमाको करुणामयी हृदय न हो, त्यस शिशुलाई केही हुन्छ कि भन्ने पीर लिएर पछाडि फर्किंदै नदी तरिन् । मातृवात्सल्यले गर्दा पटाचाराको मनमा बच्चालाई के के न हुने हो कि भन्ने डरत्रास थियो ।



Downloaded from http://www.dhamma.digital



नभन्दै बीचमा पुगेपछि तिनले अकस्मात् आकाशमा उड्दै गरेको ठूलो बाजपंक्षी देखिन् । तल नदीको किनारमा सुताइराखेको त्यस शिशुलाई मासुको डल्लो भन्ने सम्झी त्यस बाजपंक्षी बेगले तल झरी त्यस शिशुलाई टिपेर लग्यो ।



Downloaded from http://www.dhamma.digital

पटाचाराले पछाडि फर्के हेर्दा त्यस बाजलाई देखेर "हा — हा —" गर्दै दुबै हात माथितिर हल्लाइन् । उता नदी पारि छोडेर आएकी बच्चाले आमाले मलाई आऊ आऊ भनी डाकिन् भन्ने सम्झी आमा भएतिर नदीमा ओर्ल्यो । उता पटाचाराले पारिपट्टि हेर्दा बच्चालाई नदीले बगाइसकेको थियो ।

अहो ! कस्तो वियोग ! प्राणसरि प्रीय ती दुबै बालकहरूले आमालाई छाडेर गए ।

त्यसघडि पटाचाराले आँखाले केही देखिनन्, केही बोल्न सकिनन् ।

अपशोच पनि किन नहोस् । तिनलाई शोकको सिमाना नै रहेन । बन्धु वियोगको दुःख सहन नसकी व्याकुल भएकी ती अबला पटाचारा एक्लै उक्त नदीको किनारमा छट्पटाइरहिन् । मृत लोग्ने र बच्चाहरूलाई सम्झी सम्झी दुःखको यी वाक्यहरु ओकलिन् –

'हा ! मलाई यो कस्तो आइलाग्यो ? सानो बच्चा बाजपंक्षीले टिपेर लग्यो । ठूलो बालक नदीले बगायो । स्वामीको बाटैमा मृत्युभयो ।' फेरि निम्न विरह गीत गाउँदै रोई रोई माइतीतिर लागिन् ।

**सानो बच्चा बाजले टिपेर लग्यो रूवाई ।**
**ठूलो बच्चा नदीले बगायो हाइ राजा ॥१॥**
**पतिदेव बीच बाटैमा सर्पले डसी मृत्यु भयो ।**
**जीवनको सुखानन्द, मेरो भन्नु केही रहेन ॥२॥**

यसप्रकारले बन्धु वियोगले सताएकी अबला पटाचारा माइततिर गइरहेकी थिइन् । बाटोमा उताबाट आइरहेको एक व्यक्तिलाई भेटिन् ।

त्यस बटुवालाई पटाचाराले- "कहाँबाट आउनुभएको?" भनी सोधिन् । बटुवाले-"बहिनी ! म श्रावस्ती नगरबाट आइरहेको छु ।" भनी जवाफ दियो ।



Downloaded from http://www.dhamma.digital



पटाचाराले सोधिन् - 'फलाना ठाउँमा बस्ने मेरा आमाबाबुको हालखबर कस्तो छ ? उहाँहरूलाई सञ्चै छ ?' बटुवाले उत्तर दियो- 'बहिनी, तिम्रो घरको कुरा केही नसोध । बरु अन्य कुरा सोध । म सबै भन्न सक्छु ।'

पटाचाराले अनुरोध गरेर भनिन्- 'अन्य कुरा मलाई केही सोध्नु छैन । मेरो माइतीको हाल बताइदिनुहोस् ।'



Downloaded from http://www.dhamma.digital



बटुवाले तिनको आग्रह टाल्न नसकी नभनी नहुने देखेपछि गए राती तिनको माइतीघरमा घटेको दुर्घटनाको विवरण यसरी सुनायो–

"के गर्ने, बहिनी ! आज राती ठूलो पानी परेकोले तिम्रो माइतीघर भत्की घरमा सुतिरहेका महाजन, उसकी जहान (श्रीमती र उनीहरूको छोरा समेत घरमा पुरेर मृत्यु भए । ती तीनजनाको एउटै चित्तामा दाहसंस्कार भइरहेको छ । उ, उता हेर त ! चित्ताबाट मुस्लो धुवाँ पनि निस्किरहेको छ ।" त्यस बटुवाको त्यस्तो कुरा सुनेर पटाचाराको निमित्त त्यतिखेर संसारै शून्य भएजस्तो अनुभव भयो । तिनी कुरा सुन्दा सुन्दै त्यहीं मूर्छा परेर लडिन् ।



Downloaded from http://www.dhamma.digital



## मनस्थिति असन्तुलन

हाय् ! कस्तो दुःख ! कस्तो बन्धु वियोग ! तिनी हक्क न वक्क भइन् । तिनको होस ठेगानामा रहेन । तिनी त्यही रूख ढलेझैं ढल्न पुगिन् ।

शोकको सिमाना रहेन । धेरै दुःखका कारण होसहवास् नै गुम्यो, सबै कुरा बिर्सिन्, तिनी विस्मृत भइन् । शरीरको वस्त्र खसेको समेत तिनलाई अत्तोपत्तो भएन । शोकाकुल भएर विक्षिप्त हुँदै आफूलाई आफैले छातीमा मुड्की हान्दै रोइकराई गरेको समेत तिनलाई हेक्का रहेन ।

जीवनमा आकाश खसेझैं आइपरेको वज्रपातले विपत्ति, वियोग र



Downloaded from http://www.dhamma.digital



दुःखशोकरूपी अग्निको कारणले आफूलाई सम्हाल्न नसकी पटाचारा बौलाही जस्तै भइन् । जीउको वस्त्र अस्तव्यस्त भयो । आफ्ना बच्चाहरु सम्झेर रोइन् । लोग्ने सम्झेर रोइन् । मरेर गएका आमाबाबु, भाइलाई सम्झेर विह्वल हुँदै रुँदै पटाचाराको मुखबाट यी शब्दहरु निस्के-

**उभो पुत्ता कालकता, पन्थे मह्यं पति मतो ।**
**मातापिता च भाता च, एकचित्तम्हि डह्यरे ॥**

(दुबै बच्चाहरु मरे, मेरा स्वामी बाटैमा मरे । आमाबाबु र भाइ एकै चित्तामा जली भष्म भइगए ।)



Downloaded from http://www.dhamma.digital



एवं प्रकारले पटाचारा विलाप गरी यताउति भौंतारिरहिन् । तिनमा होश पटक्कै थिएन । मानिसहरूले तिनको अस्तव्यस्त रूप देखी भ्रान्तचित्त भएकी बौलाही भनी ईंटा, ढुंगा इत्यादिले हिर्काए । टाउकोमा धुलो खन्याइदिए । सबैले बौलाही आइन् भनी गिज्याउन थाले ।

सबैतिरबाट बहिस्कृत भएकी तिनी रोइकराइ गरी अनियन्त्रित रूपमा सडकमा हिंड्न थालिन् । तर जसले जे भनेपनि वियोगको शोकले पीडित भई असह्य दुःख वेदनाले छट्पटाइरहिन् ।

त्यसबेला तिनलाई शरण लिने कोही थिएन । पटाचारा यस हालतमा रोइ कराइ गर्दै जेतवन विहारतर्फ लागिन् ।



Downloaded from http://www.dhamma.digital



## बुद्धसित भेट

त्यसबेला श्रावस्तीस्थित जेतवन महाविहारमा देव मनुष्यका शास्ता हुनुभएका भगवान् बुद्धले आठ प्रकारका परिषद्हरूलाई धर्मउपदेश दिइरहनुभएको थियो । तथागतले पटाचारालाई टाढैबाट देख्नुभयो ।

बुद्धले तिनीप्रति मैत्री प्रसार गर्नुभयो । त्यसपछि कारुणिक सम्यक्सम्बुद्धले तिनको पूर्वप्रतिज्ञा र अभिनिहार गुणबारे पनि विचार गर्नुभयो । पटाचाराले कल्प सतसहश्र वर्ष पहिलेदेखि अभिनिहार (पूर्ण गरिराखेको पारमी) गुणले सम्पन्न भएकी थिइन् ।



Downloaded from http://www.dhamma.digital



पारमिता धर्मअनुसार पूर्वजन्ममा पूरा गर्दैआएको गुणधर्मलाई तथागतले यसरी हेर्नुभयो ।

## अतीत कथा

कल्प सतसहश्र वर्षपहिले पद्‌मुत्तर बुद्धको पालामा हंसवती भन्ने नगरमा एउटा धनी कुलमा पटाचाराको जन्म भएको थियो । पछि ठूली भएपछि विहारमा गई पद्‌मुत्तर तथागतको धर्मउपदेश श्रद्धापूर्वक सुन्ने गर्थिन् । दान शीलादि गुणधर्म पालन गरी पुण्य संग्रह गरेकी थिइन् ।



Downloaded from http://www.dhamma.digital



एकदिन पद्मुत्तर सम्यक्सम्बुद्धले धर्मसभामा (एकजना विनयधर थेरीलाई हात समाई नन्दन वनमा पुऱ्याइदिएझैं) तिनलाई पनि एतदग्गस्थान (अग्रपद) विनयधरणी भन्ने श्रेष्ठ पद दिनुभयो । यस घटनालाई दृष्टिगत गरी त्यसबेला ती उपासिकाले (अहिलेको पटाचाराले) 'भविष्यमा पनि उस्तै पद प्राप्त गर्न सकियोस्' भनी प्रतिज्ञा गरिन्- 'म पछि तपाईं जस्तै बुद्धको अगाडि विनयधर थेरीहरूको माझमा यस्तै अग्रस्थान प्राप्त गर्नसकूँ ।' भनी तिनले पद्मुत्तर बुद्धसमक्ष प्रार्थना गरेकी थिइन् ।



Downloaded from http://www.dhamma.digital




त्यसबेला उक्त उपासिकाको प्रतिज्ञा सुनेर पद्मुत्तर तथागतले अनागत ज्ञान विचार गर्नुभयो । तिनको प्रार्थना सिद्ध हुने देखेर त्यस परिषद्को बीचमा त्यस उपासिकाको प्रार्थनानुसार भविष्यमा तिनको प्रतिज्ञा पूर्ण हुनेछ भनी प्रकाश पार्नुभयो ।

पछि शाक्यमुनि बुद्धको धर्मशासनमा त्यस उपासिका पटाचाराको नामले विनयधर थेरीहरूमध्ये अग्रपद प्राप्त गर्नेछिन् भन्ने कुरा पनि पद्मुत्तर तथागतले परिषद्लाई देशना गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

पद्मुत्तर बुद्धको उक्त भविष्यवाणी सुनेर पटाचारा हुने तिनी उपासिकाले आफ्नो प्रतिज्ञानुसार गुणाङ्ग धर्म पूरा गर्न त्यही जीवनमा पनि जीवनपर्यन्त कुशल पुण्य संचय गरिन् । मृत्युपछि त्यस जीवनमा गरेका दान शीलादि कुशलधर्मको फलस्वरूप दिव्यलोकमा देवकन्या भएर उत्पन्न भइन् । त्यहाँ तिनले अनेक दिव्य सुखको अनुभव गर्दैरहिन् । यसै प्रकारले कहिले स्वर्ग-सुख त कहिले मनुष्यलोकको सुख अनुभव गर्दै पुण्य पारमिता पनि पूरा गर्दै आएकी थिइन् ।

पछि काश्यप बुद्धको पालामा वाराणशी देशमा कीकी भन्ने राजाको छोरी भई जन्मिन् । राजाको सात छोरीहरूमध्ये उनी एक थिइन् ।

ती सात राजकुमारीहरु आपसमा खुब मिल्थे । ती सातैजना श्रद्धावती र शीलवती थिए । काश्यप तथागतको सद्धर्मोपदेश सुनेर ती सातै राजकुमारीहरूले बुद्धधर्ममा अगाध श्रद्धा राख्दै आ-आफ्नो जीवन सार्थक पार्न पुण्य संग्रह गर्दै बसे । राजप्रसादमा बसी त्यस बखतको आयुअनुरूप दुईहजार वर्षसम्म कुमारी ब्रह्मचर्य शील पालन गर्दैरहे । त्यसबेला ती राजकुमारीहरूले बुद्धशासनमा श्रद्धा राखी काश्यप सम्यक्सम्बुद्धलाई विहार गराउन एउटा महाविहार बनाउन लगाई बुद्धप्रमुख भिक्षुसंघलाई दान दिई पुण्य साधना गरे ।

त्यसरी पुण्य साधनामा लागेका ती श्रद्धालु पुण्याभिलाषी सातजना राजकुमारीहरूको नाम क्रमशः यसप्रकार थियो-

**समणी, समणमुत्ता च, भिक्खुणी भिक्खुदायिका ।**

**धम्मा चे व, सुधम्मा च, संघदासी च सत्तिमा ॥**

(श्रमणी, श्रमणमुत्ता, भिक्षुणी, भिक्षुदायिका, धर्मा, सुधर्मा र संघदासी भन्ने उनीहरूका नाम थिए ।)



Downloaded from http://www.dhamma.digital

त्यस जन्ममा अनेक पुण्य संग्रह गरेर मृत्युपश्चात् ती सात दिदीबहिनीहरु पुनः देवलोकमा उत्पन्न भए । देवकन्या भएर एक बुद्धान्तरमा दिव्यलोक सुखऐश्वर्य भोग गरिरहे ।

त्यसपछि शाक्यमुनि गौतमबुद्धको पालामा ती सात दिदीबहिनीहरु आ-आफ्नो कर्मअनुसार मनुष्यलोकमा जन्म लिए । पटाचारा श्रावस्तीमा एक धनीकुलमा जन्मिन् । गौतमबुद्धको पालामा उनीहरुको नाम क्रमशः यस्तै थियो -

**खेमा, उप्पलवण्णा च, पटाचारा च गौतमी ।**

**धम्मदिन्ना, महामाया, विसाखा चे व सत्तमि ॥**

क्षेमा, उत्पलवर्णा, पटाचारा, गौतमी, धर्मदिन्ना, महामाया, विशाखाको नामले सात बहिनीहरुको जन्म भयो ।

(अतीतको कुरा समाप्त भयो ।)

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

पटाचाराको पूर्वजन्मका घटनाहरूको सुगतमा जानकारी थियो । पटाचाराले प्रार्थना गरिआएकी कुरा पनि तथागतले बुझ्नुभएको थियो । तिनी अभिनिहार गुणसम्पन्न थिइन् । तर अहिले तिनी दुर्दशाले लखेटिएकी छिन् । तिनी अलि परबाट जेतवनतिर आइरहेकी देखिइन् । यो दृश्य देखेर तथागत महाकारुणिक भगवान् बुद्धले उसप्रति मैत्रीपूर्ण करुणा राख्नुभयो । तिनको पहिलेको प्रतिज्ञा र अहिलेको अशरण स्थितिलाई देखेर पटाचारालाई म बाहेक अरु कोही पनि उपकारक हुन नसक्ने भनी देख्नुभयो । पटाचारालाई विहारतिर कसरी उन्मुख पार्न सकिन्छ, सो उपाय बुद्धले गर्नुभयो ।

पटाचारा जेतवन महाविहारको नजिन आइपुगिन् । धर्मश्रवणको लागि त्यहाँ जम्मा भएका श्रोतावर्गले "त्यस बौलाहीलाई विहारमा आउन नदेऊ" भनेर कराए (इमिस्सा उम्मतिकाय इतो आगन्तु मा ददित्था'ति) । तर भगवान् बुद्धले त्यस परिषद्‌लाई "तिनलाई नरोक" (मा तं वारयित्था'ति) भन्नुभयो । भन्दाभन्दै वरै आइपुगेपछि बुद्धले "स्मृतिपूर्वक आफूले आफूलाई संभाल, बहिनी" भनी भन्नुभयो (सतिं पटिलभ भगिनी'ति)। बुद्धानुभावले त्यस अवस्थामा पटाचाराको स्मृति (होश) फर्क्यो । त्यसबेला मात्र तिनले आफ्नो शरीर अस्तव्यस्त भएको चाल पाइन् । लाज शरमले भुतुक्क भई तिनी त्यहीं थचक्क बसिन् ।

त्यहाँ त्यतिखेरै एकजनाले तिनीमाथि एउटा पछ्यौरा च्यातेर फालिदियो । तिनले त्यही पछ्यौरी ओढी बुद्धसमक्ष गइन् र बुद्धको चरणमा पञ्चाङ्ग दण्डवत गरिन् । अनि बुद्धसँग प्रार्थना गरिन्- "भगवान् शास्ता, मलाई शरण लिनुहोस्, मलाई रक्षा गर्नुहोस् । भगवान् ! मेरो एउटा बच्चा बाजले टिपी लग्यो । अर्को एउटा बच्चा नदीले बगायो । बाटोमा पतिको मृत्यु भयो । आमाबाबु सबै घरले पुरी मृत्यु भयो । ती सबैलाई एउटै चितामा जलाइए । तथागत ! मेरो रक्षा होस् ।"



Downloaded from http://www.dhamma.digital

पटाचाराको प्रार्थनाअनुसार भगवान् शास्ताले तिनलाई सम्झाउनुभयो- 'पटाचारा ! चिन्ता नगर । तिमी मकहाँ आइपुग्यौ जसले तिमीलाई शरणमात्र होइन, जीवन मुक्तिको मार्ग दर्शन पनि गराउनसक्छ ।' ( पटाचारे मा चिन्तयि तव अवस्सयो भवितुं समत्थस्सेव सन्तिकं आगतासि ।) यति भनी त्यस अबला नारी पटाचाराको बन्धु वियोग दुःखले शोकाकुल हृदयलाई सान्त्वना दिनुहुँदै तथागतले यसरी सम्झाउनुभयो ।

'पटाचारा ! जसरी अहिले तिम्रो एउटा बच्चा बाजले झम्टेर लग्यो । एउटा बच्चा नदीले बगायो । बाटोमा पति मऱ्यो । त्यस्तै आमाबाबु भाइसमेत घरले पुरेर मरे । यस्तै किसिमले यस अनादि संसारमा पुत्रादि बन्धुहरु मर्दा तिमीले बहाएको आँसु जम्मा गरेमा चार महासमुद्रको पानीभन्दा बढी भइसक्यो होला' भन्नुहुँदै यस गाथाअनुकूल उपदेश दिनुभयो ।

**चतूसु समुद्देसु जलं परित्तकं, ततो बहुं अस्सुजलं अनप्पकं ।**

**दुक्खेन फुट्ठस्स नरस्स सोचना, किं कारण सम्म, तुवं पमज्जसि ॥**

चार समुद्रको पानी कम हुनसक्छ, तर संसारमा दुःखले उत्पीडित भएका शोकग्रस्त मानिसहरूको आँखाबाट झरेका आँसु जम्मा गरेमा त्यसभन्दा बढी भयो होला । त्यसैले हे प्रिय पुत्री ! तिमी किन अपशोच गरी विस्मृत हुन्छौ ?

यसप्रकारले सम्यक्सम्बुद्धले आदिअन्त नभएको यस संसारमा प्राणीहरूले शोकादि दुःखभोग गरिरहेका कुरा पटाचारालाई हृदयस्पर्श हुने गरी आज्ञा गर्नुभयो । यो उपदेश सुनेर तिनको शरीरमा विस्तारै चेतनाको संचार भयो र शोकादिको मात्रा क्रमशः कम भएर गयो ।

शास्ताले पनि पटाचाराको हृदयव्यथा कम हुँदै गएको थाहा पाउनुभएर भन्नुभयो- 'पटाचारा ! छोराछोरी नाता कुटुम्बहरूले मर्ने



Downloaded from http://www.dhamma.digital

बेलामा रक्षा गर्न वा शरण दिन वा भरोसा दिन सक्दैनन् । त्यसैले ती जीवितै भएपनि त्यस अवस्थामा नभएकै बराबर हुन्छन् ।"

'पण्डितहरूले बरु शुद्धरूपले शीलपालन गरी आफ्नो निर्वाणगामी मार्गलाई छिट्टै सिधा पार्नुपर्छ ।" यसरी धर्मदेशना गर्नुभएपछि निम्न लिखित गाथा भन्नुभयो-

**न सन्ति पुत्ता ताणाय, न पिता न पि बन्धवा ।**

**अन्तके नाधिपन्नस्स, नत्थि ञातिंसु ताणाता ॥१॥**

मृत्युले जकडेपछि छोरा, छोरी, आमाबुबा, आफन्त, इष्टमित्रहरूले पनि केही गर्न सक्दैनन् ॥१॥

**एतमत्थवसं ञत्वा, पण्डितो सील संवुतो ।**

**निब्बानगमनं मग्गं, खिप्पमेव विसोधये ॥२॥**

यो कारणलाई बुझी शीलवान पण्डितहरूले निर्वाण पुऱ्याउने मार्गलाई छिट्टै नै अनुशरण गर्नुपर्छ ॥२॥

यो धर्मदेशनापछि पटाचाराले आफ्नो चित्तमा जमेको क्लेशलाई ज्ञान अग्निले भष्म गरी आफूलाई श्रोतापत्ति फलमा प्रतिष्ठित गरिन् । अरु कतिपय श्रोतागण पनि उक्त धर्मदेशना सुनेर श्रोतापत्ति फलमा पुगे ।

श्रोतापन्न भएपछि पटाचाराले भगवान् शास्तासँग प्रव्रज्या मागिन् । बुद्धले तिनलाई भिक्षुणीसंघमा प्रवेश गराएर प्रव्रज्या दिलाउनुभयो । तिनी उपसम्पदालाभी भइन् । आचरण स्वभावले अर्थात् बन्धुवियोगमा निर्वस्त्र बौलाही जस्तै भौंतारिहिंडेकीले तिनी पटाचाराको नामले चिनिइन् (पटित्ताचारता पटाचारात्वेव पञ्ञायि पटित -)।



Downloaded from http://www.dhamma.digital

पटाचारा भिक्षुणी भएपछि अझ उत्साही भएर आफ्नो जीवनलाई उच्चतर भूमिमा प्रतिस्थापित गर्न प्रयत्नशील भइन् । भिक्षुणीहरूको बीचमा तिनलाई विनयधारण गर्ने र धर्मको कुरा राम्ररी बुझ्ने विषयमा सबभन्दा श्रेष्ठ ज्ञाता हुन् भनी सबैले मान्दथे ।

एकदिन तिनी खुट्टा धोइरहेकी थिइन् । खुट्टा धोएको पानी बगेर गएको देखिन् । अलि पर पुगेपछि त्यो बगेको पानी सुकेर गयो । फेरि दोश्रोपल्ट खुट्टा धुँदा पहिलेभन्दा पनि केही परसम्म पानी बगेर सुकेर गएको देखिन् । तेस्रोपल्ट खुट्टा धुँदा पनि पानी त्यसरी नै अलि परसम्म बगेर सुकेर गएको देखिन् ।

त्यसरी पानी बग्दैसुक्दै गएको दृश्यमैं एकोहोरो समाधिष्ठ चिन्तले तिनलाई समाधिको एउटा आलम्बन भावना प्राप्त भयो । पहिलोपल्ट खुट्टा धुँदा बगेर सुकेको पानी समान प्राणीहरु प्रथम वैंशमा नै मृत्यु हुँदारहेछन् । दोस्रोपल्ट धोएको पानी समान प्राणीहरु मध्यम वैशमा नै मृत्यु हुँदारहेछन् । तेस्रोपल्ट खुट्टा धुँदा बगेको पानी समान कोही कोही अन्तिम वैंशमा नै मरण हुँदारहेछन् । सबै मरणधर्मबाट प्रभावित हुन्छन्, सबै अनित्य हुन् भनेर पटाचाराले सांसारिक जीवनसम्बन्धी ज्ञान प्राप्त गरिन् । भगवान् बुद्धले त्यसबेला गन्धुटी विहारमा बस्नुभई ६ वर्ण रश्मि फैलाउनुभई तिनको अघिल्लितिर नै उभिई भनिरहेको जस्तो गरी भन्नुभयो- "त्यस्तै हो पटाचारा ! भावनाको विधि त्यही हो । सबै प्राणीहरु मरणशील छन्, मरणधर्मबाट कोही अलग हुन सक्दैन । पञ्चस्कन्धको उत्पत्ति र विनाश हुने कुरा नजानी सयवर्षसम्म जीवित हुनुभन्दा उत्पत्ति र विनाश हुने स्वभाव धर्मलाई जानेर एकदिन मात्र जीवित हुनु श्रेयस्कर छ ।" यसरी पटाचाराको चित्तसुहाउँदो धर्मदेशना गर्नुहुँदै निम्न गाथा भन्नुभयो-



Downloaded from http://www.dhamma.digital

यो चे वस्ससतं जीवे, अपस्सं उदयब्बयं ।

एकाहं जीवितं सेय्यो, पस्सतो उदयब्बयं ॥

सयवर्ष जीवित भएर पनि (अपस्सं उदयब्बयन्ति पञ्चस्कन्ध स्वभावधर्मको २५ प्रकारले ) उत्पत्ति हुने र विनाश हुने क्रियालाई नजान्नुभन्दा ती स्वभाव धर्महरूको उत्पत्ति हुने र विनाश हुने क्रियालाई जानेर बरु एकदिन जीवित हुनु राम्रो हो (पस्सतो उदयब्बयन्ति)।

तथागतको अमृतमय धर्मदेशनाअनुसार पटाचाराले आफ्ना बन्धुवियोगको शोकलाई शान्त गरिन्, त्यस्तै दुःखको बीउ चित्तमललाई पनि बुद्धवाणीरूपी शीतल जलले धोइन् । स्रोतापत्ति फलआदि प्राप्त गरी आचरण र अभ्यास दृढतापूर्वक गरी तिनी अग्रश्राविका बनिन् । धेरै समय नबित्दै सम्पूर्ण चित्तमल हटाई राग, द्वेष, मोहरूपी आस्रवक्षय गरी पटिसम्भिदासहित अर्हतत्व प्राप्त भिक्षुणी भइन् ।

एकदिन भगवान् बुद्ध जेतवन जानुभएर पटाचारा भिक्षुणीलाई भिक्षुसंघमा अग्रस्थान दिंदै विनयधरहरूमध्ये अग्रपद दिनुहुँदै यसो भन्नुभयो- एतदग्ग भिक्खवे मम साविकानं भिक्खुनीनं विनयधरानं यदिदं पटाचारा अर्थात् भिक्षुहरु ! मेरो भिक्षुणी श्राविकासंघमा विनयधरहरूमध्ये पटाचारा एउटी अग्रश्राविका हुन् ।

यसप्रकार पटाचारा भिक्षुणी भएपछि बुद्धवचनलाई अक्षरशः पालना गर्ने साधिका भइन् । आर्यमार्गमा पूर्ण सफलता प्राप्त गरेकी ती पटाचारा स्थविरणीको शान्त हृदयबाट निस्केको उद्गार यस्तो थियो-

"मानिसले हलोको सहायताले भूमि जोति बीउ रोप्छन् । यसरी खेती गरी आफ्ना पत्नी, छोराछोरीहरूको पालन पोषण गर्दै धन पनि कमाउँछन् ।"



Downloaded from http://www.dhamma.digital

'अनि किन मैले मात्रै निर्वाण प्राप्त गर्न नसकुँला ? म त शील सम्पन्न छु । शास्ताको शासनलाई योग्य हुने काम गर्दैछु । म अप्रमादी पनि छु, अचल पनि छु, अचल र विनीत पनि छु ।'

'एकदिन खुट्टा धोएर फैलिएको पानी तलतिर बगेर गएको देखें ।'

'मैले आफ्नो चित्तलाई असल जातको घोडालाई तालिम दिएझैं समाधिमा लगाएँ । फेरि म बत्ती लिएर विहारको कोठामा गएँ । त्यहाँ दियोको प्रकाश भएको ओछ्यानमा बसें र दीप-शिखा आलम्बनमा ध्यान गर्दैरहें ।'


'सियो लिएर, दियोको बत्ती कोट्याएर थिचें । बत्ती तेलमा दबेर गयो अनि दियो झ्याप्प निभ्यो । दियो निभ्नुको साथसाथै मेरो तृष्णाको ज्वाला पनि सदाको लागि निभ्यो, पूर्णतः शान्त भएं, साथै मेरो चित्त निश्चल र निर्मल भई निर्वाणको अनुभूति प्राप्त भयो ।'

Dhamma.Digital

* * * **समाप्त** * * *



Downloaded from http://www.dhamma.digital




Source : Parents & Children, By : Ven. Sarada M. 1994, Singapore

Downloaded from http://www.dhamma.digital